"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकू ।

# प्रेस विज्ञप्ति

मितिः २०८१/०९/१६

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३१ डिसेम्बर, २०२४ (पुस १६, २०८१) मा प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. १।०९, डिजेलमा रु. २।२२ ले बढेर तथा हवाई इन्धनमा रु. १।७१ ले घटेर आएको छ। निगम सञ्चालक समितिको निर्णय बमोजिम ०१ जनावरी, २०२५ (मिति २०८१/०९/१७) को बिहान ००:०१ बजेदेखि लागु हुनेगरी साविकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर पेट्रोलमा रु. १।०० र डिजेल/मट्टितेलमा रु. २।०० ले बढाईएको तथा हवाई इन्धन आन्तरिकतर्फ प्रति लिटर रु. २।०० र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ काठमाडौंकालागि प्रति किलोलिटर अमेरिकी डलर १५ का दरले घटाईएको छ भने पोखरा र भैरहवाकालागि Break Even Point मा बिक्री मूल्य कायम गरिएको छ। साथै, एल. पि. ग्यासको मूल्य हाललाई यथावत् राखिएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा विक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८१/०९/१७ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १५९।५० | १६१।०० | १६२।०० | १६०।५० | १६२।०० | १६३।०० |
| २. | डिजेल/मट्टितेल | १४८।५० | १५०।०० | १५१।०० | १५०।५० | १५२।०० | १५३।०० |
| ३. | हवाई इन्धन (आन्तरिकतर्फ) | १२८।०० | | | १२६।०० | | |
| ४. | हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ प्रति किलो लिटर) | काठमाडौं | पोखरा | भैरहवा | काठमाडौं | पोखरा | भैरहवा |
| | | $ ९७५ | $ ८१८ | $ ८०२ | $ ९६० | $ ७९३ | $ ७७८ |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद् ।

प्रवक्ता